प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम देहायको प्रस्तावमा देहायमा लेखिए बमोजिम गर्ने निर्णय भयो–

१. सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति सम्मान एवं हार्दिक श्रद्धान्जली अर्पण गर्ने।

२. प्रदेश सरकार (केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी) नियमावली, २०७४ स्वीकृत गर्ने।

३. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ स्वीकृत गर्ने।

४. प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ स्वीकृत गर्ने।

५. माननीय श्री रामशरण बस्नेत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीलाई प्रदेश सरकार, प्रदेश नं ४ को प्रवक्ता तोक्ने।

६. आगामी दिनमा विकास निर्माणका योजना तथा कार्यक्रम बनाउँदा प्रदेश सरकार, प्रदेश नं ४ ले देहाय बमोजिमका नीतिहरुको कार्यान्वयन गर्नेछ।

   क. आगामी पाँच वर्ष भित्रमा अन्तराष्ट्रिय स्तरको सुविधा सम्पन्न सम्मेलन केन्द्रको स्थापना गर्ने।

   ख. ***"उज्यालो प्रदेश"*** कार्यक्रम संचालन गरी सो अन्तर्गत आगामी दुई वर्ष भित्रमा सबै गाउँबस्तीमा विद्युत सेवा उपलब्ध गराउने।

   ग. आगामी पाँच वर्ष भित्रमा अत्याधुनिक सुविधा सम्पन्न क्यान्सर, मुटुरोग तथा मृगौला उपचार केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउने।

   घ. आगामी पाँच वर्ष भित्रमा स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसँग स्तरीय सडक सन्जालबाट आबद्ध गर्ने।

   ङ. आगामी दुई वर्ष भित्रमा प्रत्येक गाउँबस्तीमा खानेपानीको व्यवस्था गर्ने।

   च. प्रदेशमा बोलिने सम्पूर्ण भाषा र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न जाति जनजातिको पहिचान झल्कने गरी बहुसांस्कृतिक ग्रामको (Multicultural Village) स्थापना गर्ने।

   छ. सरकारको कार्य सम्पादनलाई छिटो, छरितो, चुस्त एवं जनताप्रति उत्तरदायी बनाउन विद्युतीय सुशासन स्थापना गर्ने।

   ज. अन्तराष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदान आगामी पाँच वर्षमा निर्माण गर्ने।